**धनगढी उप महानगरपालिका**

# स्थानीय राजपत्र

**खण्डः ३** **संख्याः २** **मितिः २०७६/१०/१७**

## भाग-२

**धनगढी उप महानगरपालिका**

# यान्त्रिकरण अनुदान कार्यविधि, २०७६

## प्रस्तावना

देशको कुल ग्राहस्थ उत्पादनको एक तिहाइ भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाइ भन्दा बढी जनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागी यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपुर्ण भुमिका रहेको स्पष्ट छ । नेपालबाट प्रत्येक वर्ष लाखौको संख्यामा उत्पादनशिल युवाहरु वैदेशिक श्रम बजारमा प्रवेश हुने गरेका छन् र धनगढी उप–महानगरपालिका क्षेत्रबाट पनि युवाहरु बिदेशिने क्रम जारी छ । यसै सन्दर्भमा युवाहरुलाई स्वदेशमै रोजगारी उपलब्ध गराउन कृषि क्षेत्रमा आकर्षित गरी कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र कृषि क्षेत्रको व्यवसायिकरण बाट आय आर्जन बढाउने उद्धेश्यले संचालित यान्त्रिकरण अनुदान कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न ‘‘यान्त्रिकरण अनुदान कार्यविधि, २०७६” तयार गर्न बान्छनिय देखिएकोले नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको ३८ औं बैठकले स्वीकृती गरी ‘‘यान्त्रिकरण अनुदान कार्यविधि २०७६” लागु गरिएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम “यान्त्रिकरण अनुदान कार्यविधि, २०७६” रहेको छ ।

(ख) यो कार्यविधि धनगढी उपमहानगरपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ ।

२. परिभाषा :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) “आपूर्तिकर्ता” भन्नाले अनुसुची - २ मा उल्लेख गरिएका कृषि औजार यन्त्र उपकरणहरु उपलब्ध गराउने कम्पनी, उत्पादक, वितरक, एजेन्ट र डिलरलाई सम्झनु पर्छ ।

(ख) “उपभोक्ता” भन्नाले अनुदानमा कृषि यान्त्रीकरणका उपकरण लिन इच्छुक कृषि व्यवसाय गर्ने उद्देश्य लिई सम्बन्धित सरकारी निकायमा दर्ता भएका कृषक समुह वा उपभोक्ता समुह, कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीलाई सम्झनु पर्छ । यस शब्दले कृषि बाली वा वस्तुहरुको उत्पादनमा संलग्न व्यक्तिगत कृषकलाई समेत जनाउँछ ।

(ग) “ कार्यक्रम ” भन्नाले यस कार्यविधि अनुसार संचालन गरिने सबै किसिमका कृषि औजार यन्त्र उपकरणहरुको अनुदान कार्यक्रम सम्झनु पर्छ ।

(घ) “यन्त्र” भन्नाले अनुसुची - २ मा उल्लेख गरिए बमोजिमका कृषि औजार यन्त्र उपकरणहरु एवं मेशिनरीहरुलाई सम्झनु पर्छ ।

(ङ) “नगरपालिका” भन्नाले धनगढी उप-महानगरपालिका सम्झनु पर्छ ।

(च) “समिति ” भन्नाले आर्थिक बिकास समितिलाई सम्झनु पर्छ ।

(छ) “वडा” भन्नाले धनगढी उप-महानगरपालिकाका सम्पूर्ण वडाहरु सम्झनु पर्छ ।

(ज) “शाखा” भन्नाले कृषि बिकास शाखालाई सम्झनु पर्छ ।

(झ) “सहकारी संस्था” भन्नाले कृषि वा बहुउद्येस्यीय सहकारी संस्थालाई सम्झनु पर्छ ।

धनगढी उप-महानगरपालिका राजपत्र

३.कार्यक्रम संचालनको उद्देश्य : यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिमका हुनेछन्-

(क) विभिन्न कृषि बाली तथा वस्तुहरुको उत्पादन देखि भण्डारण सम्म कृषि यान्त्रिकरण गर्न सहयोग पुर्याउने,

(ख) विभिन्न कृषि बाली तथा वस्तुहरुको उत्पादकत्व वृद्धि गर्न तथा उत्पादन गर्न सहयोग पुर्याउने,

(ग) युवा जनशक्तिलाई कृषिमा आकर्षित गरी स्वरोजगारको अवसर सिर्जना गर्ने,

(घ) कृषि क्षेत्रलाई आधुनिक, व्यावसायिक एवं प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षामा गोगदान पुर्याउन ।

## परिच्छेद - २
## कार्यक्रम छनोट प्रक्रिया

४.कार्यक्रमको प्राथमिकता क्षेत्र : कार्यक्रमको प्राथमिकता क्षेत्रहरु देहाय बमोजिमका हुनेछन्-

(क) यो कार्यक्रम धनगढी उप-महानगरपालिका भरि नै विगतको कृषि यान्त्रिकरण कार्यक्रमको प्रभावकारिता हेरीकृषि औजार यन्त्र उपकरणहरु कम उपयोग गरेका तथा कृषि यान्त्रिकरणमा अनुदान नपाएका कृषक/कृषक समुह/सहकारी संस्था/कृषि उद्यमीहरुलाई प्राथमिकता दिई सञ्चालन गरिनेछ।

(ख) कुनै पनिसरकारी/गैरसरकारी संस्थाहरुबाट कृषि यान्त्रिकरणमा अनुदान नपाएका कृषक/कृषक समुह/सहकारी संस्था/कृषि उद्यमीहरुलाई प्राथमिकता दिईनेछ ।

(ग) व्यवसायिक तथा व्यवसाय उन्मुख कृषि बालीहरुको उत्पादन गर्ने कार्यक्रमहरुलाई प्राथमिकता रहनेछ ।

५.कार्यक्रम संचालनको लागि निबेदन संकलनका लागि निम्न प्रकृयाहरु अवलम्बन गरिने छ

(क)सूचना प्रवाह - धनगढी उप-महानगरपालिकाले साना सिंचाई विशेष कार्यक्रम संचालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधि बारे अधिकतम ३० दिने अनुसुची १ अनुसारको सूचना प्रवाह गराउनु पर्नेछ ।

(ख) निवेदन संकलन- उपर्युक्त कार्यक्रम अर्न्तगत संलाचन हुने कुनै पनि सिँचाई आयोजनाको कार्यान्वयनको लागि कृषक/कृषक समुह/सहकारी संस्था, निजी कृषि फर्म र कृषि उद्यमीहरुबाट अनुसुचि २ अनुसारको कागजातहरु संलग्न भएको अनुसुची–३ अनुसारको निबेदन तोकिएको समय भित्र नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(ग) आयोजनाको अनुमानित लागत अनुसुचि–४ अनुसारको फाराम भरी निबेदन साथ पेश गर्नु पर्ने छ र उपभोक्ताले व्यहोर्ने प्रतिशत समेत आफ्नो निवेदनमा खुलाउनु पर्नेछ ।

६. कार्यक्रम छनोट प्रक्रिया–दफा ४(ख) अनुसार दर्ता भएका निबेदनहरुबाट आयोजना छनौट गर्न देहायका आधारहरुलाई ध्यान दिनुपर्नेछ ।

(क) कृषक/कृषक समुह/सहकारी संस्था, निजी कृषि फर्म र कृषि उद्यमीको लागि आयोजना छनौट गर्ने सम्बन्धमा सम्बन्धित निकायबाट गठन एवं दर्ता भई कम्तिमा एक वर्षको अवधि पुरा गरेका, नियमित बैठक बस्नुका साथै कृषि विकासको लागि सकृय रुपले कृयाशील रहेको हुनु पर्नेछ ।

(ख) कृषक समुह/सहकारी संस्था/कृषक/कृषि उद्यमी/कृषि फर्मले कार्यक्रम संचालन गर्न कूल लागतको न्यूनतम ५० प्रतिशत रकम व्यहोर्ने प्रतिबद्धता गरेको हुनु पर्नेछ ।

(ग) कार्यक्रम छनोट गर्दा दलित, मुक्त कमैया, सामाजिक रुपमा पिछडिएका तथा विपन्न वर्गका महिला कृषक समूहहरुको सहभागिता हुने गरी छनौट हुनुपर्ने ।

(घ) कृषक/ कृषि उद्यमीका लागि न्युनतम १ बिगाहा, कृषक समुह/कृषि सहकारी संस्थाको हकमा न्यूनतम ३ बिगाहा क्षेत्रफलमा सेवा उपलब्ध हुने निश्चित गर्नु पर्ने छ ।

(ङ) कृषि व्यवसायीकरण तर्फ उन्मुख गराउने कार्यक्रम संचालन भएका स्थलहरुमा सुविधा पुर्याउने दृष्टिकोण राख्नुपर्ने छ ।

(च) दफा ४(ख) अनुसार दर्ता भएका निबेदनहरुको कृषि बिकास शाखाबाट स्थलगत अनुगमन गरी उपयुक्त देखिएका आयोजनाहरुको बिबरण समितिमा पेश गर्नु पर्ने छ ।

धनगढी उप-महानगरपालिका राजपत्र

(छ) दफा (च) अनुसार समितिमा पेश भएका आयोजनाहरुको छनोट र आवश्यक बजेट बाडफाडको निर्णय समितिले गर्ने छ ।

(ज) छनोट कार्य सम्पन्न भएपछि सम्बन्धित उपभोक्ताहरु, सरोकारवाला र अन्य सर्वसाधारणको जानकारीको लागि कार्यालयमा सूचना टाँस गर्नुपर्नेछ । यस्तो जानकारी वडा कार्यालयमा समेत टाँस गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(झ)यान्त्रिकरण कार्यक्रम संचालनका लागि समितिले कार्यक्रम संयोजक तोक्न सक्ने छ ।

७. संझौता :अनुदानमा कृषि औजार यन्त्र उपकरण प्राप्त गर्न छनौट भएका उपभोक्ताहरुलाई धनगढी उप-महानगरपालिकाले सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र र कृषक समुह/सहकारी संस्था, निजी कृषि फर्म वा कम्पनीको निर्णय लिई अनुसुची ५ अनुसारको सझौता गर्नु पर्ने छ ।

८. आपुर्तिकर्ता छनोट : नगरपालिकाले सुचिकृत कृषि औजार आपुर्तिकर्ताहरुको लिष्ट तयार गरी सो मध्येबाट उपभोक्ताहरुले खरिद गर्ने ब्यबस्था मिलाउनु पर्ने छ ।

(घ) नगर कार्यपालिकालाई कार्यक्रमको प्रभाबकारी कार्यान्वयनका लागि आवश्यक राय सुझाब दिने ।

९. छनोट समिति : नगर कार्यपालिका अन्तरगतको आर्थिक बिकास समितिले यस कार्यक्रमका लागि छनोट समितिको काम गर्ने छ ।

१०. संझौता : कार्यक्रम स्वीकृती पश्चात उपभोक्ताले अनुसुचि ६ अनुसारको संझौता गरी यन्त्र उपकरण खरिद गर्नु पर्ने छ ।

११.कृषि बिकास शाखाको काम, कर्तव्य र अधिकार : कृषि बिकास शाखाको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) उपभोक्ताहरुको निवेदन र प्रस्तावहरु संकलन एवं दर्ता गरी समितिमा पेश गर्ने,

ख)उपभोक्ता छनोटका लागि फिल्ड भ्रमण गरी संभावित आयोजनाको लिष्ट तयार गरी समितिमा पेश गर्ने ।

ग) छनोट भएका आयोजनाको बिबरण परिणामहरु सरोकारवाला सबैको जानकारीको लागी आफ्नो कार्यालयमा टांस गर्ने र वडा कार्यालयमा पठाउने ।

घ) समितिले दिएका निर्देशन तथा राय सुझावहरुको कार्यान्वयन गर्ने ।

ङ)अनुदानमा दिईने औजार उपकरणमा अनुसुचि अनुसार ब्यहोरा लेखाउने ब्यबस्था मिलाउने ।

च) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने ।

१२. उपभोक्ताले पालना गर्नुपर्ने शर्तहरु : उपभोक्ताहरुले देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्नेछ -

क) उपभोक्ताहरु कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनुपर्ने,

ख) आवश्यक कृषि औजार यन्त्र उपकरणहरु अनुदानमा प्राप्त गर्न आपुर्तिकर्तालाई अनुदान बाहेकको रकम तिरी खरिद गर्नुपर्ने,

ग) अनुदानमा उपलब्ध गराईएका कृषि औजार यन्त्र उपकरणरु कृषि कार्यहरुमा मात्र प्रयोग गर्नु पर्ने,

घ) अनुदानमा प्राप्त कृषि औजार यन्त्र उपकरणहरुलाई कृषि कार्यमा संलग्न व्यक्ति वा समुह वा सहकारी वा संस्था वा फर्म वा कम्पनिलाई भाडामा उपलब्ध गराँउदा सहुलियत भाडा दरमा उपलब्ध गराउनु पर्ने,

ङ) अनुदान प्राप्त कृषि औजार यन्त्र उपकरणहरु अरुलाई बिक्रि वितरण गर्न नपाइने ।

धनगढी उप-महानगरपालिका राजपत्र

## परिच्छेद - ३
## अनुदान रकम भुक्तानी र अनुगमन

१३) अनुदान रकम भुक्तानी : अनुदान रकम भुक्तानी विधि देहाय बमोजिम हुनेछ -

(क) कृषि औजार यन्त्र उपकरण छनौट भएका उपभोक्ताहरुले सम्झौता अनुसारका यन्त्र उपकरणखरिद गरी वडा कार्यलयबाट अनुगमन गराईसकेपछि सम्झैता बमोजिम अनुदान रकम धनगढी उप-महानगरपालिकाबाट भुक्तानी पाउन सम्बन्धित वडा कार्यालयको सिफारिस र कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, निजी कृषि फर्म वा कम्पनीको निर्णय सहित बिल भर्पाईहरु कृषि बिकास शाखामा पेश गर्नु पर्ने छ।

(ख) दफा (ख) अनुसार सिफारिस र बिल भपाई प्राप्त भए पछि कृषि बिकास शाखाबाट अनुगमन गरी उपयुक्त देखिएमा भुक्तानीको लागि सिफारिस गर्नु पर्ने छ।

(ग) खण्ड (क) र (ख) अनुसारका कागजातहरुको आधारमा धनगढी उप-महानगरपालिका बाट अनुदानको रकम उपभोक्ताको खातामा भुक्तानी गरिनेछ।

१४) अनुगमन तथा मुल्यांकन :

(क) कृषि औजार यन्त्र उपकरण अनुदानको कार्यक्रमक अनुगमन तथा मुल्यांकन आवश्यकता अनुसार धनगढी उप-महानगरपालिकाबाट गरिनेछ।

(ख) कार्यक्रमको नियमित अनुगमन तथा मुल्यांकन धनगढी उप-महानगरपालिका तथा सम्बन्धित वडाले गर्नेछ।

## परिच्छेद - ४
## विविध

१५) अनुदान प्राप्त उपभोक्ताले कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेको पाइएमा प्रचलित कानुन बमोजिम धनगढी उप-महानगरपालिकाले सरकारी बाँकी सरह असुल उपर गर्ने कार्य गर्नुगर्नेछ।

१६) प्रचलित कानुन लागु हुने : यान्त्रिकरण कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ।

१७) कार्यविधिको संसोधन तथा परिमार्जन : यस कार्यविधिको संशोधन तथा परिमार्जन धनगढी उप-महानगरपालिकाले गर्न सक्नेछ।

धनगढी उप-महानगरपालिका राजपत्र

अनुसुची-१

यान्त्रिकरण कार्यक्रमको प्रस्ताव आह्वानको सुचना

सुचना । सुचना ॥ सुचना ॥।

धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व. २०........../........ को स्वीकृत कार्यक्रम अनुसार यान्त्रिकरण कार्यक्रममा अनुदान सहयोग प्राप्त गरी कार्यक्रम संचालन गर्न इच्छुक कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, निजी कृषि फर्म र कृषि उद्यमीलाइ दरखास्त आव्हान गरी यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचा अनुसारको आबेदनसाथ तपशिल अनुसारका कागजातहरु संलग्न राखी यस कार्यालयमा दर्ता गराउन अनुरोध गरिन्छ ।

**तपशिल**

**<u>(क) व्यक्तिगत कृषक/कृषक समूहहरुको लागि</u>** :

१.समूह दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।

२. समूहको निर्णय प्रतिलिपी ।

३. समूहले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र ।

४.अधिकार प्राप्त पदाधिकारी वा व्यक्तिगत कृषकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

५. समूहको कुनै सदस्यले कृषि औजार यन्त्र उपकरणहरुको संचालन तथा मर्मत सम्बन्धि तालिम लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपी ।

६. जग्गाधनी पूर्जाको फोटोकपी र जग्गाको कर तिरेको रसिदको फोटोकपी।

**<u>(ख) कृषि/बहुउद्देशिय सहकारी संस्था/नीजि कृषि फर्म /कृषि उद्यमीको लागि</u>** :

१. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

२. संस्था नविकरण प्रमाणको प्रतिलिपी ।

३. संस्थाको प्यान वा भ्याट प्रमाण पत्रको प्रतिलिपी ।

४. लेखा परिक्षणको प्रमाणित प्रतिलिपी ।

५. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

६. संस्थाको निर्णय प्रतिलिपी ।

७. संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र ।

८. अख्तियारी प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र पासपोर्ट साईजको फोटो १ प्रति।

९. आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए सम्झौताको (कम्तीमा ५ वर्षको) प्रमाण पेश गर्नुपर्ने।

१०. जग्गाधनी पूर्जाको प्रतिलिपी वा जग्गाको कर तिरेको रसिद प्रतिलिपी ।

धनगढी उप-महानगरपालिका राजपत्र

अनुसूचि-२

अनुदानमा बिक्री बितरण गरीने कृषि औजार यन्त्र उपकरणहरु

| क.सं. | कृषि औजार यन्त्र उपकरणको नाम | स्पेसिफिकेसन | अनुदान रकम (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|---|
| (क) | कृषि यन्त्र उपकरणहरु/मशिनरीहरु : | | | |
| १ | पावर टिलर | अधिकतम २२ एच.पि. | ५० | कृषक/कृषि फर्म/कम्पनीको लागि आफ्नो नाममा वा जग्गा भाडामा भएमा १ हेक्टर र कृषक समूह/सहकारीको लागि ५ हेक्टर |
| २ | मिनी टिलर | अधिकतम ९ एच.पि. | ५० | कृषक/कृषि फर्म/ कम्पनीको लागि आफ्नो नाममा वा जग्गा भाडामा भएमा १ बिगाहा र कृषक समूह/सहकारीको लागि ५ बिगाहा |
| ३ | एट्याचमेन्टहरु | | | |
| ३.१ | कल्टिभेटर | | ५० | |
| ३.२ | डिस्क प्लाव | | ५० | |
| ३.३ | डिस्क हैरो | | ५० | |
| ३.४ | एम बि प्लाव | | ५० | उन्नत हलो |
| ३.५ | हिलो चक्का/एन्टी स्कीड व्हील | | ५० | |
| ३.६ | रोटाभेटर | एस वा सी टाईप | ५० | ब्याड बनाउने र हिल्याउने मेशिन |
| ३.७ | लेभलर | | ५० | |
| ३.८ | सिड कम फर्टिलाईजर ड्रिल | | ५० | ट्रयाक्टर वा पावर टिलर (के बाट चलाउने ) |
| ३.९ | सिड ड्रिल | | ५० | |
| ३.१० | जिरो टिल सिड ड्रिल | | ५० | |
| ३.११ | पोटेटो प्लान्टर | | ५० | आलु लगाउने मेशिन |
| ३.१२ | पोटेटो डिगर | | ५० | आलु खन्ने मेशिन |
| ३.१३ | रिपर मेशिन | | ५० | धान र गहुँ काट्ने मेशिन |
| ३.१४ | थ्रेसर ( धान/गहु) | | ५० | |
| (ख) | कृषि औजार उपकरणहरु | | | |
| १. | ज्याब प्लान्टर | | ५० | मकै लगाउने हाते मेशिन (कोशे बाली र भिण्डी पनि लगाउन सकिने)। |
| २. | मेज/कर्न सेलर | इलेक्ट्रिकल/हाते | ५० | मकैको दाना छोडाउने मेशिन। |
| ३. | बीउ र फर्टिलाईजर ब्रोडकास्टर/ स्प्रेडर | | ५० | बीउ र रासायनिक मल छर्न मिल्ने हाते मेशिन। |
| ४. | स्प्रेयर (पावर/फुट/अन्य) | | ५० | |
| ५. | मह मदानी | | ५० | |
| ६. | च्याउको पराल काटने मसिन | इलेक्ट्रिकल/हाते | ५० | |
| ७ | राइस ट्रान्सप्लान्टर | | ५० | |
| ८ | अन्य | | ५० | आधुनिक प्रबिधिमा आधारित कुनै यन्त्र/औजार |

धनगढी उप-महानगरपालिका राजपत्र

अनुसूचि-३

अनुदानमा कृषि औजार यन्त्र उपकरणहरुका लागि पेश गर्ने निबेदनको ढाँचा

श्री धनगढी उप-महानगरपालिका
धनगढी, कैलाली

विषयः कृषि औजार यन्त्र उपकरणहरु अनुदानमा उपलब्ध गराई पाउँ ।

मलाई हामीलाई .......................................बाली/बालीहरुको ...........................कार्यक्रम उपयोग गर्न कृषि औजार यन्त्र उपकरण अनुदान वितरण कार्यविधि २०७६ अनुसार तहाँ कार्यालयबाट मिति...........................

मा प्रकासित तथा. वडा कार्यालयमा टास गरिएको सुचनाको आधारमा म/हामीलाई आवश्यक परेको कृषि औजार यन्त्र उपकरणहरु अनुदान प्राप्त गर्न तोकिएको ढाँचामा प्रस्ताव तयार गरी तपसिल अनुसार कागजातहरु संलग्न राखी यो निवेदन पेश गेरेको छु/छौ ।

संलग्न कागजातहरु :

१.
२.
३.
४.
५.
६.

<u>निवेदक</u>
दस्तखत :
नाम :
पद :
मो.नं.
समुह संस्थाको नाम :
ठेगाना :
समुह संस्थाको छाप :

अनुसूचि-४

अनुदानमा कृषि औजार यन्त्र उपकरणहरु प्राप्त गर्न चाहने उपभोक्ताले पेश गर्ने प्रस्ताव ।

(क) उपभोक्ताको विवरण :

१.नाम :................................नागरिकता प्रमाण पत्र नं...... जारी मिति.........................

२. संस्थाको नाम.......................दर्ता नं...........दर्ता मिति :............दर्ता गर्ने निकाय ...............

३. स्थायी ठेगाना : जिल्ला .......... उ.म.न.पा. ⁄ न.पा. ⁄ गा.पा. वडा नं.........टोल...............

४. हालको ठेगाना : जिल्ला कैलाली धनगढी उ.म.न.पा. वडा नं......... टोल...............

५. सम्पर्क : मोवाइल नं...........................

६. सम्पर्क व्यक्तिको नाम :...............................पद :...............................मो.नं....................

७.सदस्य संख्या महिला ..............पुरुष................दलित.............जनजाति...........अन्य.............

८.लाभान्वित कृषक संख्या :.........प्रत्यक्ष ............अप्रत्यक्ष ...........जम्मा.................................

९ प्राप्त गर्न चाहेको कृषि औजार यन्त्र उपकरणहरुको विवरण :

| क्र.सं. | कृषि औजार यन्त्र उपकरणको नाम | ब्राण्ड | मोडेल | हर्षपावर ⁄साईज | अनुमानित मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

कृषि औजार यन्त्र उपकरणहरु अनुदान लिन म ⁄हामी छनौट भएमा अनुदान बाहेकको नगद रकम तिरी कार्यक्रममा संलग्न सहमत छु⁄छौं ।माथी पेश गरेको विवरण ठिक साँचो छ, झुठा भएमा कानुनी कार्वाही भएमा राजी छु⁄छौं । म⁄हामीलाई यस उपमहानगरपालिकाबाट व्यवस्था भए बमोजिमको अनुदान उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु⁄छौं ।

निवेदक:

सही :......................

नाम :

पद :

फोन नं.

मिति :....................................

संस्थाको छाप

धनगढी उपमहानगरपालिका राजपत्र

## अनुसुची-५

यान्त्रिकरण कार्यक्रम संञ्चालनको लागि गरिने सम्झौता-पत्र

धनगढी उप-महानगरपालिकाको चालु आ.व............./..........को स्वीकृत युवा लक्षित कार्यक्रम अन्तरगत ........ .........................आयोजना सञ्चालन गर्न धनगढी उप-महानगरपालिका (यस पछी पहिलो पक्ष भनिने) बाट छनोट भएको धनगढी उप–उपमहानगरपालिका वडा नं........टोल/गाँउ............................का कृषक/कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी श्री.....................................................(यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तहरु पालन गरी/गराई कार्यक्रम सम्पन्न गर्न यो सम्झौता गरी लियौं/दियौं ।

शर्तहरु

१.पहिलो पक्षले दोश्रो पक्षलाई कार्य सम्पन्न भए पछि चेकबाट अनुदान रकम उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले संझौता अनुसार औजार उपकरण खरिद गर्नु पर्ने छ सो बाफत पहिलो पक्षले रु.
उपलब्ध गराउने छ भने बाँकी रकम दोश्रो पक्षले ब्यहोर्नु पर्ने छ ।

३.पहिलो पक्षले तोकेको प्राबिधिकले संझौता अनुसार औजार उपकरण खरिद गरे नगरेको अनुगमन गर्नेछ, दोश्रो पक्षले स्वीकृत लागत इष्टिमेट, कार्य योजना र सम्झौता अनुसारका कार्यहरु नगरेको पाईएमा सम्झौता खारेज गर्न सकिने छ ।

४. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउने कुनैपनि प्राकृतिक प्रकोपको पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ । यस बाफत पहिलो पक्षले कुनै दायित्व बहन गर्ने छैन ।

५.यो सम्झौता कार्यान्वयनमा कुनै बिबाद पर्न आएमा कार्यक्रम कार्यान्वय समितिको निर्णय अन्तिम हुने छ ।

६. दोश्रो पक्षले यस कार्यक्रमबाट प्राप्त कृषि औजार उपकरण बिक्रि गर्न पाईने छैन र कृषि बाहेक अन्य कार्यमा प्रयोग गर्न पाईने छैन ।

७. यस सम्झौता अनुसारको कार्य भित्र सम्पन्न गरी सक्नु पर्ने छ ।

८. यस सम्झौतामा उल्लेख भएका ब्यहोरा यस सम्झौता अनुसार र अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| **पहिलो पक्षको तर्फबाट सहि गर्ने** | **दोश्रो पक्षको तर्फबाट सही गर्ने** |
|---|---|
| नाम : | नामः |
| पद : | पद : |
| दस्तखतः | दस्तखतः |
| मितिः | मिति : |
| सम्पर्क नं. : | सम्पर्क नं. |
| छाप : | छापः |

धनगढी उप-महानगरपालिका राजपत्र

## अनुसुची ६

**अनुदानमा उपलब्ध हुने कृषि कृषि औजार उपकरणमा राख्नु पर्ने प्रिन्ट वा प्लेटको ढाँचा**

| |
|---|
| धनगढी उप–महानगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>कृषि बिकास शाखा धनगढीबाट<br>५० प्रतिशत अनुदान प्राप्त ............................ (औजार यन्त्र उपकरणको नाम लेख्ने)<br><br>आ.व.: ................... |

..................................

आज्ञाले,

नारायण प्रसाद सापकोटा

प्रमुख प्रशासकिय अधिकृत

धनगढी उप-महानगरपालिका राजपत्र